अमेरिकी राजदुतावासद्वारा बृहत शान्तिसम्झौताको स्वागत

नेपाल सरकार तथा माओवादीबीच सम्पन्न भएको बृहत शान्तिसम्झौताको अमेरिकी राजदुतावास स्वागत गर्दछ । यस सम्झौताले नेपाललाई दीगो शान्ति तथा लोकतन्त्रतर्फ डोहोऱ्याउने आशा हामीले लिएका छौं । हामी नेपालको शान्ति प्रक्रिया सफल भएको हेर्न चाहन्छौं र यसमा हाम्रो पूर्ण समर्थन रहेको प्रतिज्ञा गर्दछौं । हामी त्यस्तो सम्झौताको पक्षमा छौं, जसले नेपाली जनताको आशा र भरोसाको रक्षा गरोस् ।

हिंसा, आतंक तथा जबरजस्ती चन्दा असुली र जबरजस्ती सैन्यभर्तीजस्ता आपराधिक गतिविधिको अन्त्य हुनैपर्दछ । एघारवर्षसम्म भय र त्रासको वातावरण खेपिसकेका नेपाली जनताले अब भयमुक्त भएर बाँच्न पाउनुपर्दछ र निष्पक्ष चुनावमार्फत् आफ्नो रोजाइअनुसारको सरकार चुन्न पाउनुपर्दछ ।

नेपाललाई शान्त, समृद्ध र लोकतान्त्रिक बनाउन सहयोग गर्न संयुक्त राज्य अमेरिका प्रतिबद्ध रहेकोछ ।